# रघुगँगा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः** रघुगँगा गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**क) पृष्ठभूमिः** नेपालको संविधान बमोजिम स्थापित स्थानीय सरकारले आफ्नै स्रोत साधनले आफ्नो सरकार संचालन तथा आफ्नो क्षेत्र भित्रको विकास निर्माण कार्य सम्पन्न गर्नुपर्ने मर्म बमोजिम यस रघुगंगा गाउँपालिकाले स्थानीय जनताको आर्थिक/सामाजिक लगायतको क्षमताको आधारमा कर तथा अन्य शुल्क लगाउने प्रयोजनका लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिमको राजश्व परामर्श समितिले यो प्रतिवेदन तयार गरेको छ ।

**ख) राजश्वको मौजुदा अवस्थाको विश्लेषणः** चालु आर्थिक वर्षमा रघुगंगा गाउँपालिकाको आन्तरिक आय रु. १,४५,००,०००।- (अक्षरेपी रुपैयाँ एक करोड पैंचालिस लाख मात्र ।) हुने अनुमान गरिएकोमा सोको प्राप्ती हाल सम्म भईनसकेकाले उक्त आम्दानी प्राप्ति गर्नका लागि सबैले प्रयत्न गर्नुपर्ने देखिन्छ । आगामी आ. व. मा रु. १,०५,००,०००।– (अक्षरेपी रुपैयाँ एक करोड पाँच लाख मात्र ।) हुने अनुमान गरिएको छ । सो अनुमानको शिर्षकगत विस्तृत विवरण तपसिल बमोजिम प्राप्त हुने अनुमान गरिएको छ ।

तपसिलः

| क्र.सं. | राजश्व शिर्षक नं. | आन्तरिक आयको शिर्षक | राजश्व अनुमान |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ४००००० |
| २ | ११३१४ | भूमिकर/मालपोत | ५००००० |
| ३ | ११३१७ | बहाल कर | १०००००० |
| ४ | ११३१८ | बहाल विटौरी कर | १५०००० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १००० |
| ६ | ११४७९ | अन्य मनोरञ्जन कर | ५०००० |
| ७ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १००००० |
| ८ | १४१९१ | पर्यटन शुल्क | ५०००० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ८००००० |

| | | | |
|---|---|---|---|
| १० | १४२२१ | न्यायिक दस्तुर | ५०००० |
| ११ | १४२२४ | परीक्षा शुल्क | ८०००० |
| १२ | १४२२५ | यातयात क्षेत्रको आम्दानी | ५००००० |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २००००० |
| १४ | १४२४३ | सिफारिस दस्तुर | ६००००० |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० |
| १६ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३००००० |
| १७ | १४२४९ | अन्य दस्तुर | ५००००० |
| १८ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २००००० |
| १९ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०००० |
| २० | १४३१३ | धरौटी सदरस्याहा | २०००० |
| २१ | १४५२९ | अन्य राजश्व | १०००००० |
| २२ | १४६११ | व्यवसाय कर | २००००० |
| २३ | १५१११ | बेरुजु फछ्र्यौट | ४७००० |
| २४ | १४१५७ | बाँडफाँटबाट प्राप्त हुने दहत्तर बहत्तर बिक्रीबाट प्राप्त हुने आय | ३०००००० |
| २५ | ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | २००० |
| | | **जम्मा आन्तरिक आय अनुमान** | **१,०५,००,०००** |

**ग) राजश्व नीतिहरुः** गरिबिको रेखामुनि रहेका जनतालाई मर्का नपर्ने गरि यस रघुगंगा गाउँपालिका भित्र प्रगतिशिल कर लगाई अधिकाधिक कर उठाइने र करको दर भन्दा दायरा फराकिलो बनाइने नीति अवलम्बन गरिने छ ।

**घ) करका आधारहरुः** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, तथा अन्य प्रचलित ऐन कानुन हरु ।

ङ) आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजस्वका श्रोतहरु तपशिल बमोजिम रहेका छन् ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि रघुगंगा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर**: गाउँपालिका क्षेत्रभित्र सम्पत्ति करका लागि अनुसूची (१) मा तोकिए बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

(१) गाउँपालिकामा मोटरबाटोले छोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची १(क) बमोजिम हुनेछ ।

(२) गाउँपालिकामा मोटरबाटोले नछोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची १(ख)बमोजिम हुनेछ ।

३. **भूमिकर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सडक उपयोग सेवा शुल्क**: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनको हकमा अनुसूची (६) बमोजिम सडक उपयोग सेवा शुल्क लगाईनेछ । अन्यथा व्यवस्था भएको हकमा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **दण्ड जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको हकमा नियम विपरित कार्य गर्ने वा समयमा करहरू दाखिला नगर्ने व्यक्ति वा संस्थालाई अनुसूची (१४) बमोजिम जरिवाना लाग्नेछ ।

१६. **कर छुटः** यस प्रतिवेदन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो प्रतिवेदनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. यस प्रतिवेदनमा नतोकिएका अन्य कर, सेवा शुल्क र दस्तुर प्रचलित नेपाल कानुनमा व्यवस्था भई हालको प्रचलित दरमा र त्यस्तो कानुनमा उल्लेख नभएको विषयमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**माथि उल्लेख भए बमोजिम करका दरहरु अनुसूचीमा समावेश गरिएको छ ।**

## अनुसूची १

## सम्पत्ती कर

| क्र.स. | मूल्याङ्न विवरण | करका दर |
|---|---|---|
| १ | घर जग्गाको निम्न मूल्याङ्कनमा | |
| | - रु १ लाख सम्म | रू. ५० |
| | - रू १ लाख देखि ५ लाख सम्म | रू. १०० |
| | - रू ५ लाख देखि १० लाख सम्म | रू. ३०० |
| | - रू १० लाख देखि १५ लाख सम्म | रू. ५०० |

| | | |
|---|---|---|
| | - रू १५ लाख देखि २० लाख सम्म | रू. १००० |
| | - रू २० लाख देखि ३० लाख सम्म | रू. १२०० |
| | - रू ३० लाख देखि ४० लाख सम्म | रू. २७०० |
| | - रू ४० लाख देखि ५० लाख सम्म | रू. ५५०० |
| | - रू ५० लाख देखि ८० लाख सम्म | रू. ८००० |
| | - रू ८० लाख देखि १ करोड सम्म | रू. १२००० |
| | - रू १ करोड माथि | ०।५० प्रतिशत |

नोटः मूल्याङ्कन रकमलाई नजिकको लाखमा (Round Figure)परिणत गरी करको दर निर्धारण हुनेछ ।

**जग्गाको न्यूनतम मूल्याङ्कन हद (सम्पत्ति तथा भूमिकर प्रयोजनका लागि समेत)**

**१. रघुगंगा गाउँपालिका वडा नं. १ (साविक बाँदुक, बेगखोला गा.वि.स.)**

क. बेगखोला बजारमा पर्ने मोटरबाटो र भित्रीबाटोमा पर्ने घडेरीयोग्य जग्गाको प्रतिरोपनी मूल्य रु. ६,०५,०००।– (छ लाख पाँच हजार रुपैयाँ मात्र) ।

ख. बेनीदेखि राखु भगवती हुँदै बेग जाने बाटोको दायाँ बायाँमा पर्ने घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ३,०२,५००।– (तीन लाख दुई हजार पाँच सय रुपैयाँ मात्र) ।

ग. साविक बाँदुक गा. वि. स. वडा नं. १ (क) मा पर्ने तिप्ल्याङ्गको मोटरबाटोको दायाँ बायाँ पर्ने घडेरी योग्य जग्गाको प्रति रोपनी रु. १९,९७,०००।– (उन्नाईस लाख सन्तानब्बे हजार रुपैयाँ मात्र) ।

**२. रघुगंगा गाउँपालिका वडा नं. २ (साविक राखु भगवती गा.वि.स.)**

क. साविक राखु पिप्ले गा.वि.स.को अन्तिम सिमाना देखि साविक वेगखोला गा.वि.स.को सिमाना सम्म पर्ने साविक राखु भगवती गा. वि. स. अन्तर्गत मोटरबाटोका दायाँ बायाँ घडेरीयोग्य जग्गा प्रति रोपनी रु. १४,५२,०००।– (चौध लाख बाउन्न हजार रुपैयाँ मात्र) ।

**३. रघुगंगा गाउँपालिका वडा नं. ३ (साविक राखु पिप्ले गा.वि.स.)**

क. गलेश्वर पुलको मुख देखि गायत्री मन्दिर घुमाउने ताल हुँदै मुस्ताङ्ग जाने सडकको दाँया बाँया पर्ने घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु. २१,००,०००।– (एक्काईस लाख रुपैया मात्र)।

ख. गलेश्वर पुलको मुख देखि पिप्ले र भगवती गा.वि.स. को सिमाना सम्म मोटरबाटोको दायाँ बाँया तथा रघुगंगा जलविद्युत आयोजनाले अधिग्रहण गरेको जग्गामा पर्ने घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी ११,२०,०००।– (एघार लाख बीस हजार रुपैयाँ मात्र ।)

**४. रघुगंगा गाउँपालिका वडा नं. ४ (साविक दग्नाम दर्मिजा गा.वि.स.)**

क. साविक दग्नाम गा.वि.स. दग्नाम दर्मिजा अन्तर्गत पर्ने मोटरबाटोले छोएका घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु. ३,६३,०००।– (तीन लाख त्रिसठ्ठी हजार रुपैयाँ मात्र) ।

**५. रघगंगा गाउँपालिका वडा नं. ५ (साविक झिँ गा.वि.स.)**

क. बेनी-झिँ-पाखापानी सडक खण्ड अन्तर्गत पर्ने मोटरबाटोले छोएका घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु. ६,६६,०००।– (अक्षेरुपी छ लाख छैसठ्ठी हजार रुपैयाँ मात्र) ।

**६. रघुगंगा गाउँपालिका वडा नं. ६ (साविक पाखापानी गा.वि.स.)**

क. झिगरुक, पाखापानी, ठाडाखानी हुँदै कुईने जाने सडकको दायाँ बायाँका घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु. ५,३३,०००।– (पाँच लाख तेत्तीस हजार रुपैयाँ मात्र) ।

**७. रघुगंगा गाउँपालिका वडा नं. ७ (साविक चिमखोला गा.वि.स.)**

क. साविक चिमखोला गा. वि. स. मा पर्ने मोटरबाटोको दायाँ बायाँ घडेरी योग्य जग्गाको (भिर पहिरो बाहेक) प्रति रोपनी रु. २,४२,०००।– (दुई लाख बयालिस हजार रुपैयाँ मात्र) ।

**८. रघुगंगा गाउँपालिका वडा नं. ८ (साविक कुइनेमंगले गा.वि.स.)**

क. साविक कुइनेमंगले गा.वि.स. मा पर्ने मोटरबाटोको दायाँ बायाँको घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु. १,२१,०००।– (एक लाख एक्काईस हजार रुपैयाँ मात्र ।)

## अनुसूची १ ख

**माथि उल्लेखित बाहेक रघुगंगा गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको बर्गिकरण तथा मूल्याङ्कन**

| सि.नं. | गा.पा. | वडा नं. | साविकको ठेगाना | खेततर्फ | | | | बारीतर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १. | रघुगंगा | १ | साविक बेगखोला गा.वि.स.१-९ | ३०२५० | २७८३० | २४२०० | २१७८० | २०५७० | १८१५० | १५७३० | १२१०० |
| २. | रघुगंगा | २ | साविक भगवती गा.वि.स. १-९ | ७६२३० | ६८७९० | ५५६६० | ३३८८० | ४२३५० | ३८७२० | २७८३० | २४२०० |
| ३. | रघुगंगा | ३ | साविक पिप्ले मौवाफाँट गा.वि.स. १-४ | ७२६०० | ६५३४० | ५८०८० | ५०८२० | ५८०८० | ५०८२० | ४३५६० | ३६३०० |
| | | | साविक पिप्ले मौवाफाँट गा.वि.स.५-७ | ११६१६० | १०१६४० | ८७१२० | ७२६८० | ७२६०० | ६५३४० | ५८०८० | ५०८२० |
| | | | साविक पिप्ले मौवाफाँट गा.वि.स. ८-९ | ५८०८० | ५०८२० | ४३५६० | ३६३०० | ४३५६० | ३६३०० | ३३८८० | ३०२५० |
| ४ | रघुगंगा | ४ | साविक दग्नाम दर्मिजा गा.वि.स. १-९ | ३६३०० | ३३८८० | ३०२५० | २६६२० | २४२०० | २१७८० | १८१५० | १४५२० |
| ५. | रघुगंगा | ५ | साविक झिं गा.वि.स. १-९ | ५०८२० | ४३५६० | ३६३०० | २९०४० | ४३५६० | ३६३०० | २९०४० | २४२०० |
| ६. | रघुगंगा | ६ | साविक पाखापानी गा.वि.स. १-९ | ३६३०० | ३०२५० | २४२०० | १८१५० | ३०२५० | २४२०० | १८१५० | १४५२० |
| ७. | रघुगंगा | ७ | साविक चिमखोला गा.वि.स. १-९ | ४७,००० | ४५,००० | ४२,००० | ४०,००० | ३६३०० | ३०२५० | २४२०० | १८१५० |
| ८. | रघुगंगा | ८ | साविक कुईनेमंगले गा.वि.स. १-९ | ३०२५० | २६६२० | २४२०० | १८१५० | २४२०० | २१७८० | १९३६० | १६९४० |

## अनुसूची २
(दफा ३ सँग सम्बन्धित)

### भूमि कर (मालपोत)

| | | |
|---|---|---|
| अब्बल | रु. २० प्रति रोपनी | खेतबारी |
| दोयम | रु. १५ प्रति रोपनी | खेतबारी |
| सीम | रु. १२ प्रति रोपनी | खेतबारी |
| चाहार | रु. १० प्रति रोपनी | खेतबारी |

*कम्फु, जफती, रैतानी, गुठी

## अनुसूचि ३
(दफा ४ सँग सम्बन्धित)

### घर बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले हुन आउने रकम घर बहाल कर लाग्नेछ।

## अनुसूचि ४
(दफा ५ सँग सम्बन्धित)

### व्यवसाय कर

| क.स. | व्यवसायको नाम तथा किसिम | बार्षिक कर रू. | दर्ता दस्तुर रू. |
|---|---|---|---|
| १ | व्यापरिक वस्तु | | |
| | - डिलर सिप सबै प्रकारका | १५०० | ५००० |
| | - डिपार्टमेन्टल स्टोर | १२०० | ४००० |
| | - साईकल | १००० | २००० |
| | - मोटर साईकल | २५०० | ५००० |
| | - अन्य सवारी साधन विक्रेता | २००० | १०००० |
| | - कम्प्युटर, विद्युत सामान, रेडियो, क्यामेरा, टेलिभिजन | १५०० | ५००० |
| | - पेट्रोलियम पदार्थ विक्रेता | २५०० | |
| | - सबै प्रकारका हार्डवेयर पसलनिर्माण ) (सामाग्री समेत | ३००० | १०००० |

| | | | |
|---|---|---|---|
| | - कार्पेट विक्रि | २००० | ५००० |
| | - काठ तथा स्टिल फर्निचर पसल | २५०० | ५००० |
| | - किराना पसल (खुद्रा बिक्रेता) | १००० | २००० |
| | - किराना पसल (थोक बिक्रेता) | १५०० | ३००० |
| | - फलफूल तथा तरकारी पसल | ६०० | १००० |
| | - कपडा / फेन्सी पसल | १२०० | ३००० |
| | - सुन पसल – उच्च, मध्यम र सानो | ४०००, २५००, १५०० | १००००, ५०००, ३००० |
| २ | **निर्माण व्यवसाय ईजाजत** | | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | - क वर्ग | ६००० | |
| | - ख वर्ग | ५००० | |
| | - ग वर्ग | ४००० | |
| | - घ वर्ग | ३००० | १०००० |
| | - घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरण दस्तुर (आ.व. को ३ महिना भित्र) | ३,००० | |
| | - घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरण दस्तुर (आ.व. को ३ महिना पछिको ६ महिना भित्र) | ६,००० | |
| | - घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रतिलिपी दस्तुर | १,००० | |
| ३ | **उत्पादन मूलक उद्योग** | | |
| | - साना घरेलु उद्योग | ६०० | १००० |
| | - मध्यम घरेलु उद्योग | १००० | २००० |
| | - ठूला घरेलु उद्योग | २००० | ४००० |
| ४ | **कृषि तथा वन जन्य उद्योग** | | |
| | - कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १८०० | ५००० |
| | - कुटानी पिसानी मिल | १२०० | ३००० |
| | - फर्निचर उद्योग | २५०० | ५००० |

| | | | |
|---|---|---|---|
| | - पशु दाना उद्योग | १००० | ५००० |
| | - पोल्ट्री फर्म उच्च (१००० गोटा भन्दा बढी) | १५०० | ५००० |
| | - पोल्ट्री फर्म सानो (१००० गोटा सम्म) | १००० | ३००० |
| | - कृषि फर्म सानो (रु. ५ लाख सम्मको व्यवसाय) | १००० | ३००० |
| | - कृषि फर्म मझौला (रु. ५ लाख १ देखि रु. २० लाख सम्मको व्यवसाय) | २००० | ७००० |
| | - कृषि फर्म ठूलो (रु. २० लाख १ देखि माथीको व्यवसाय) | २५०० | १०००० |
| | - पशुपंक्षी फर्म सानो (रु. ५ लाख सम्मको व्यवसाय) | १००० | ३००० |
| | - पशुपंक्षी फर्म मझौला (रु. ५ लाख १ देखि रु. २० लाख सम्मको व्यवसाय) | २००० | ७००० |
| | - पशुपंक्षी फर्म ठूलो (रु. २० लाख १ देखि माथीको व्यवसाय) | २५०० | १०००० |
| | - कृषि तथा पशुपंक्षी फर्म (संयुक्त) सानो (रु. ५ लाख सम्मको व्यवसाय) | १००० | ३००० |
| | - कृषि तथा पशुपंक्षी फर्म (संयुक्त) मझौला (रु. ५ लाख १ देखि रु. २० लाख सम्मको व्यवसाय) | २००० | ७००० |
| | - कृषि तथा पशुपंक्षी फर्म (संयुक्त) ठूलो (रु. २० लाख १ देखि माथीको व्यवसाय) | २५०० | १०००० |
| | - बंगुर पालन व्यवसाय | १२०० | ५००० |
| | - बाख्रा पालन व्यवसाय (१० भन्दा माथि प्रति गोटा रू. १०० थप) | ८०० | १२०० |
| | - भेंडा पालन व्यवसाय (१० भन्दा माथि प्रति गोटा रू. १०० थप) | ८०० | १२०० |
| | - गाई पालन व्यवसाय (५ भन्दा माथि प्रति गोटा रू. १०० थप) | ८०० | १२०० |
| | - भैंसी पालन व्यवसाय (५ भन्दा माथि प्रति | ८०० | १२०० |

| | | | |
|---|---|---|---|
| | गोटा रू. १०० थप) | | |
| | - कृषि उत्पादन | ८०० | १५०० |
| ५ | **पर्यटन उद्योग** | | |
| | - होटेल सानो (पुंजी लगानी १ लाख सम्म) | १५०० | २५०० |
| | - होटेल मध्यम (पुंजी लगानी १ लाख १ देखी ५ लाख सम्म) | २००० | ३००० |
| | - होटेल ठूलो (पुंजी लगानी ५ लाख भन्दा माथी) | २५०० | ५००० |
| | - मदिरा समेत बिक्रि गर्ने होटेल लज (गाउँपालिकाको कार्यपालिकाबाट अनुमति प्राप्त लाई मात्र) | ३००० | |
| | - स-साना चिया तथा खाजा पसल | १००० | १५०० |
| | - रेष्टुरेन्ट एण्ड बार | १८०० | ३००० |
| | - लज | २२०० | ३००० |
| | - गजल/दोहोरी/डिस्को रेष्टुरेन्ट | ३५०० | ५००० |
| | - होमस्टे दर्ता शुल्क | | १०,००० |
| | - होमस्टे नविकरण शुल्क | २,००० | |
| ६ | **सेवा उद्योग** | | |
| | - अफसेट प्रेस | २२०० | ५००० |
| | - लेटर प्रेस | १२०० | ३००० |
| | - चलचित्र भिडियो | १२०० | ३००० |
| | - सार्वजनिक परिवहन सेवा (गा.पा. भित्र प्रधान कार्यालय भएको) | ३५०० | १०००० |
| | - सार्वजनिक परिवहन सेवा (गा.पा. भित्र शाखा कार्यालय भएको) | २५०० | ५००० |
| | - फोटोग्राफी | १००० | २००० |
| | - प्रयोगशाला | १५०० | ५००० |
| ७ | **निर्माण उद्योग** | | |
| | - सिमेन्ट ब्लक उद्योग | २५०० | १०००० |
| | - मेटल ग्रिल उद्योग | २५०० | ५००० |
| | - ईट्टा उद्योग (चिम्नी भट्टा ) | ३५०० | १०००० |

| | | | |
|---|---|---|---|
| | - ईट्टा उद्योग (साधारण भट्टा ) | १५०० | ५००० |
| | - अन्य उद्योग | १०००-५००० | ३०००-१०००० |
| ८ | **संचार सेवा** | | |
| | - NTC | ८००० | |
| | - N Cell | १०००० | |
| | - निजी मोबाईल सेवा केन्द्र | १२०० | २००० |
| | - निजी टेलिफोन तथा फ्याक्स सेवा | १००० | २००० |
| | - सञ्चार सेवा, टेलिकम, वितरण केन्द्र | ८५०० | १५००० |
| | - फ्याक्स, फोटोकपी तथा प्रिण्टर सेवा | १२०० | २५०० |
| | - मोबाईल फोन बिक्री तथा मर्मत | १८०० | ३००० |
| | - कुरियर सेवा | ५०० | २००० |
| | - साईबर सेवा | १२०० | २००० |
| | - Screen Print छपाई तथा प्रकाशन | १००० | ३००० |
| | - फोन इन्क्वायरी (Inquiry) | ६०० | १५०० |
| ९ | **वित्तीय सेवा** | | |
| | - आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ५२०० | |
| | - वित्तीय कम्पनीको शाखा कार्यालय | ३५०० | |
| | - बिमा कम्पनी | ४५०० | |
| | - विदेशी मुद्रा सटही | २००० | |
| | - मनी ट्रान्सफर | ३००० | |
| | - धितो पत्र कारोबार | १५०० | |
| | - निजी क्षेत्रका वाणिज्य बैङ्कहरु | ५५०० | |
| | - निजी क्षेत्र समेतको स्वामित्वमा रहेका बैङका शाखा कार्यालयहरु | ३८०० | |
| | - बिमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरु | २२०० | |
| | - सर्भेयर सेवा केन्द्र | १२०० | |
| १० | **स्वास्थ्य सेवा** | | |
| | - गैर सरकारी अस्पताल | २२०० | |
| | - सामुदायिक अस्पताल | १८०० | |

| | | | |
|---|---|---|---|
| | - निजी स्तरका अस्पताल तथा रिसर्च सेन्टर | २२०० | |
| | - नर्सिङ होम | २२०० | |
| | - ल्याब तथा क्लिनिक | १२०० | |
| | - होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १००० | |
| | - औषधि पसल थोक (जनस्वास्थ्य) | २२०० | |
| | - औषधि पसल खुद्रा (जनस्वास्थ्य) | १२०० | |
| | - औषधि पसल (आयुर्वेदिक) | १२०० | |
| | - औषधि पसल (पशु स्वास्थ्य) | १२०० | |
| | - पशु पंक्षी दाना पसल | १२०० | |
| | - जडी बुटी पसल | ८०० | |
| ११ | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | |
| | - चिकित्सक | ५००० | १०००० |
| | - दन्त चिकित्सक रिसर्च | ५००० | १०००० |
| | - पशु चिकित्सक | १५०० | १०००० |
| | - कविराज | १५०० | १०००० |
| | - ईञ्जिनियर | २००० | १०००० |
| | - कानून व्यवसायी | २००० | १०००० |
| | - जोतिस परामर्श केन्द्र | १००० | २००० |
| | - **लेखापरीक्षक** | | |
| | - क वर्ग | ५००० | १०००० |
| | - ख वर्ग | ४००० | ९००० |
| | - ग वर्ग | ३००० | ७००० |
| | - घ वर्ग | २००० | ५००० |
| | - बिमा एजेण्ट | १५०० | |
| | - सर्भेएर | १५०० | ५००० |
| | - अनुवादक | १५०० | ५००० |
| | - नोटरी पब्लिक सेवा | १५०० | ५००० |
| | - अनुसन्धानकर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | १५०० | ५००० |

| | | | |
|---|---|---|---|
| | - कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २००० | ५००० |
| | - शेयर दलाल | २००० | |
| | - सामान ढुवानी कर्ता कम्पनी | २००० | ५००० |
| | - संस्थागत पेण्टर | ४५०० | ५००० |
| | - म्यान पावर कम्पनी शाखा कार्यालय | २५०० | |
| | - अन्य कन्सल्टेन्सी एवं परामर्श सेवा | १५०० | ४५०० |
| १२ | **शिक्षा सेवा** | | |
| | - निजी क्षेत्रका पूर्व प्रा.वि. | १००० | १५०० |
| | - निजी क्षेत्रका आधारभूत स्कुल | ५००० | १०००० |
| | - निजी क्षेत्रका मा.वि. (१० सम्म) | २५०० | ५००० |
| | - निजी क्षेत्रका मा.वि.(१२ सम्म) | ३००० | ६००० |
| | - निजी क्षेत्रका क्याम्पस | ४००० | १०००० |
| | - निजी क्षेत्रका होस्टेल | ३२०० | ५००० |
| | - तालीम तथा अनुसन्धान केन्द्र | १२०० | ५००० |
| | - प्रविधिक शिक्षालय | १२०० | ५००० |
| | - टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | २२०० | ५००० |
| | - ट्युशन तथा कोचिङ सेन्टर | २००० | ८००० |
| १३ | **मर्मत तथा संभार** | | |
| | - हेभी ईक्वीपमेन्ट मर्मत केन्द्र | २५०० | १०००० |
| | - बस, ट्रक, कार मर्मत केन्द्र | १८०० | ५००० |
| | - मोटर साईकल मर्मत केन्द्र | १२०० | २५०० |
| | - साईकल तथा अन्य मर्मत केन्द्र | ८०० | १२०० |
| | - रेडियो, टेलिभिजन, घडी, प्रेशर कुकर, टेलिफोन सेट, हिटर र बिद्युतीय सामान मर्मत केन्द्र | १००० | १५०० |
| | - फोटोकपी, प्रिन्टर, कम्प्युटर मर्मत केन्द्र | १२०० | २००० |
| | - अन्य ईलेक्ट्रिक्स तथा ईलेक्ट्रोनिक्स | १२०० | २५०० |
| १४ | **अन्य सेवा** | | |
| | - विज्ञापन एजेन्सी | १००० | २५०० |
| | - वैदेशिक रोजगार सेवा | १८०० | ३००० |
| | - स्वदेशी रोजगार सेवा | ५०० | १००० |

| | | | |
|---|---|---|---|
| | - रियल स्टेट | २५०० | ५००० |
| | - ब्युटी पार्लर | ८०० | १५०० |
| | - ड्राई क्लीनर्स | ८०० | १५०० |
| | - फोटो स्टुडियो | ८०० | १५०० |
| | - साईन बोर्ड / पेन्टीङ सेवा | ८०० | १५०० |
| | - हजाम पसल | ८०० | १२०० |
| | - मासु बिक्रेता | १२०० | २००० |
| | - टेलर्स (कपडा सहितको) | १५०० | २००० |
| | - टेलर्स | १००० | २००० |
| | - सिलाई प्रशिक्षण केन्द्र | १००० | १५०० |
| | - कबाडी (प्रति ट्रिप) | २००० | |
| **१५** | **जलविद्युत परियोजनासँग सम्बन्धित** | | |
| | **जलविद्युत परियोजना दर्ताः**<br>- १० मेगावाटसम्म<br>- १० मेगावाट भन्दा माथि प्रति मेगावाट थप शुल्क | | ५०,०००<br>५,००० |
| | **जलविद्युत परियोजना नविकरणः**<br>- १० मेगावाटसम्म<br>- १० मेगावाट भन्दा माथि प्रति मेगावाट थप शुल्क | २५,०००<br>२,५०० | |
| **१६** | **माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा तथा व्यवसाय** | | |
| | - कपडा जुत्ता पसल | १००० | १५०० |
| | - छाला जुत्ता पसल उच्च | १५०० | २००० |
| | - छाला जुत्ता पसल साधारण | १००० | १५०० |
| | - छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | १००० | १५०० |
| | - फेन्सी, कपडा तथा छाला जुत्ता पसल (संयुक्त) | २००० | ३००० |
| | - भाँडा पसल उच्च | १५०० | २५०० |
| | - भाँडा पसल मध्यम | १२०० | २००० |
| | - भाँडा पसल साधारण | १००० | १५०० |

| | | | |
|---|---|---|---|
| | - टंकीमा राखिएका पसलहरु | ५०० | १००० |
| | - चुरा पसल | ६०० | १००० |
| | - चस्मा पसल | १००० | १५०० |
| | - मेशिनरी पार्ट पुर्जा पसल | २५०० | ४००० |
| | - ड्राईभिङ ईन्स्टिटच्युट | २२०० | २५०० |
| | - पान पसल | ६०० | १००० |
| | - कलर ल्याब | १००० | २००० |
| | - डिजिटल कलर ल्याब | २२०० | ३००० |
| | - फ्लेक्स, प्रिन्टर सेवा | १२०० | २००० |
| | - अडियो तथा भिडियो क्यासेट सेन्टर | १००० | २००० |
| | - दुध डेरी | १००० | २००० |
| | - दुध चिस्यान केन्द्र | १८०० | २५०० |
| | - स्यानिटरी सामानको पसल | १२०० | २००० |
| | - प्लास्टिक मेच कुर्सी तथा अन्य सामाग्री पसल | १००० | २००० |
| | - ग्यास सिलिण्डर बिक्रेता | १५०० | २५०० |
| | - होजियारी उद्योग | १००० | २००० |
| | - कोल्ड ड्रिङ्कस पसल | १००० | २००० |
| | - उनधागो/ पसल | ८०० | १२०० |
| | - कस्मेटिक्स पसल | १५०० | २५०० |
| | - स्टेशनरी | १२०० | २००० |
| | - स्टेशनरी होलसेल | १८०० | २५०० |
| | - पत्र पत्रिका पसल | ८०० | १२०० |
| | - मिष्ठान्न पसल | १२०० | २००० |
| | - लिक्वर पसल (मदिरा जन्य) | २५०० | |
| | - पाउरोटी, मसला, दालमोठ, मैन बत्ती जस्ता घरेलु उद्योग | १००० | २००० |
| | - कृषि फलफूल तथा वन नर्सरी व्यवसाय | ८०० | १२०० |
| | - कृषि वीउ बिजन भण्डार | ८०० | १५०० |
| | - दाना तथा आलु, प्याज थोक बिक्रि पसल | १००० | २००० |
| | - केबल प्रशारण लाईन | ३००० | ५००० |

| | | | |
|---|---|---|---|
| | - पुल हाउस/स्नुकर | १००० | ३००० |
| | - ट्रान्सपोर्ट सेवा | १००० | २००० |
| | - ठेका भाडा | ८०० | १२०० |
| | - माटाका भाडा | ८०० | १२०० |
| | - मादलको पसल | ८०० | १२०० |
| | - डाला नाङला पसल | ८०० | १२०० |
| | - सोलार पावर सप्लायर्स | १२०० | २००० |
| | - खेलौना तथा उपहार सामाग्री पसल | १२०० | २००० |
| | - चस्मा मर्मत तथा बिक्री केन्द्र | १००० | २००० |
| | - पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ८०० | १२०० |
| | - जडिबुटी पसल | १००० | २००० |
| | - पाँच वा सो भन्दा बढी पसल रहेको प्रा.लि. | ३५०० | |
| | - अन्य विभिन्न प्रकारका प्रा.लि. | २५०० | |
| | - चाउमिन उद्योग | ७०० | ५००० |
| | - स्वीमिङ्ग पुल | २००० | ५००० |
| | - मिनरल वाटर उद्योग | २००० | १०००० |
| | - मिनरल वाटर होलसेल पसल | १२०० | ३००० |
| | - पार्टी प्यालेस | २२०० | ३००० |
| | - आल्मुनियम उद्योग | २००० | ५००० |
| | - अन्य पसल | १००० | २५०० |

**पटके बजार तथा हाट बजार करः**

| क्र.सं. | व्यवसाय | कर रू. | |
|---|---|---|---|
| १ | फेन्सी कपडा प्रति पसल | ५०० | |
| २ | ठेका भाडा प्रति पसल | २५० | |
| ३ | माटोको भाडा प्रति पसल | १५० | |
| ४ | मादल प्रति पसल | २०० | |
| ५ | औजार भाडा प्रति पसल | १५० | |
| ६ | सुन चाँदी प्रति पसल | ५०० | |
| ७ | चिया नास्ता प्रति पसल | १५० | |
| ८ | डाला नाङला प्रति पसल | २०० | |

| | | | |
|---|---|---|---|
| ९ | चुरा पोते प्रति पसल | २०० | |
| १० | जिरा मसला प्रति पसल | २५० | |
| ११ | जडिबुटि प्रति पसल | २०० | |
| १२ | जुत्ता प्रति पसल | ३५० | |
| १३ | अन्य पसल हेरेर | १००-५०० | |

<u>पटके व्यवसाय कर :</u>

| क्र.सं. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | भैंसी, रांगा प्रति गोटा प्रति पटक | १०० | |
| २ | खसी, बोका प्रति गोटा प्रति पटक | ५० | |
| ३ | हाँस, कुखुरा प्रति गोटा प्रति पटक (चल्ला बाहेक) | २० | |
| ४ | घुम्ती व्यवसाय (फेन्सी) | २०० | |
| ५ | घुम्ती व्यवसाय (अन्य) | १०० | |

<u>खानी/ ढुङ्गा ढुवानी :</u>

| क्र.सं. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | ट्रयाक्टर प्रति ट्रिप (खरी) | ५०० | |
| २ | ट्रयाक्टर प्रति ट्रिप (ढुङ्गा) | २०० | |
| ३ | ट्रिपर प्रति ट्रिप (खरी) | ८०० | |
| ४ | ट्रिपर प्रति ट्रिप (ढुङ्गा) | ४०० | |

## अनुसूचि ५

**(दफा ६ सँग सम्बन्धित)**

**<u>जडिबुटि, कबाडी र जीवजन्तु कर</u>**

गाउँपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तु (जडिवुटि, कवाडी र जीवजन्तु) मा देहाय बमोजिमको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही असुल गरिनेछ ।

| क्र.सं. | माल वस्तुको नाम | ईकाई | अधिकतम |
|---|---|---|---|
| १ | ऊन | प्रति के.जी. | रू. २ |
| २ | खोटो | प्रति के.जी. | रू.४ |
| ३ | वनकस (खर), बावियो, पराल, निगालो, लोक्ता, अम्लिसो | प्रति ट्याक्टर | रू. ५०० |
| ४ | खालि सिसी (मदिरा र अन्य) | प्रति ट्रक/ट्याक्टर/सवारी | रू. ५०० |

| | | | |
|---|---|---|---|
| ५ | खालि सिसी (वियर) | प्रति ठूलो ट्रक | रू. १००० |
| ६ | प्लास्टिक बोटल | ट्रक/टयाक्टर/सवारी | रू. ५०० |
| ७ | जुटको बोरा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ८ | गार्मेन्टको कपडाको टुक्रा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ९ | कार्पेटको टुक्रा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १० | जुट र प्लाष्टिकको बोरा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ११ | पुरानो टिन, ड्रम | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १२ | पुरानो कागज | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १३ | पत्रिका | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १४ | अन्य कागज | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १५ | धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १६ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू.१००० |
| १७ | पोलिथिन पाईपका टुक्राहरू | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १८ | सिसाका टुक्रा वा धुलो | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १९ | काँचको धुलो र टुक्रा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| २० | प्रचलित कानुनले निषेध गरे बाहेकका मरेका वा मारिएका पशुकाः | | |
| | क) हाड | प्रति के.जी. | रू. ७ |
| | ख) सिङ्ग | प्रति के.जी | रू. ८ |
| | ग) खुर | प्रति के.जी. | रू. ७ |
| | घ) छाला सानो | प्रति के.जी | रू. २० |
| | ङ) छाला ठूलो | प्रति के.जी. | रू. ३० |

**अनुसूचि ६**

**( दफा ७ सँग सम्बन्धित )**

**सडक उपयोग सेवा शुल्क**

| क.सं. | सवारी साधनको किसिम | कर रू. |
|---|---|---|
| १ | बस, ट्रक, लहरी अन्य हेभी गाडी | १२०० |
| २ | भाडाका कार, जीप, भ्यान र ट्र्याक्टर | १००० |
| ३ | भाडाका पावर टेलर | १००० |
| ४ | भाडाका मिनि बस, मिनि ट्रक | १००० |
| ५ | निजी कार, मिनि बस र ट्रक | १००० |
| ६ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी | २०० |

**नोटः**

गाउँपालिका भित्रका सबै सडकहरूमा सडक उपयोग सेवा शुल्क लगाईनेछ ।

अनुसूचि ७

(दफा ८ सँग सम्बन्धित)

विज्ञापन कर

| क्र.सं. | विवरण | कर रू. | |
|---|---|---|---|
| | | निजी स्थल | सार्वजनिक स्थल |
| १ | बजार क्षेत्रको छेउछाउमा प्रति वर्ग फिट | १५ | १५ |
| २ | सहायक मार्गको छेउछाउमा | १० | १० |
| ३ | व्यावसायिक ब्यानर प्रति हप्ता | ४० | ४० |
| ४ | व्यावसायिक प्रचार प्रसार गाडीबाट माईकिङ प्रतिदिन | ८० | ८० |
| ५ | व्यावसायिक प्रचार प्रसार अन्य साधन बाट | ४० | ४० |

**नोटः- प्रदेश कानुनमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ ।**

अनुसूची ८

(दफा ९ सँग सम्बन्धित)

**क) मनोरञ्जन कर**

| क्र.सं. | मनोरञ्जनका साधन | कर रू. | |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर, संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २ | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | २५० | |
| ३ | मेला महोत्सब सञ्चालन अनुमति | ५००० | |

**नोटः- प्रदेश कानुनमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ ।**

**ख) व्यावसायिक भिडियो कर :**

| क्र.सं. | भिडियो | कर रू. | | |
|---|---|---|---|---|
| १ | प्रति भिडियो | २५० | | |

अनुसूचि ९

(दफा १० सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

गाउँसभाद्वारा कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने र कार्यपालिकाले निर्णय गरे बमोजिम हुने ।

अनुसूचि १०

(दफा ११ सँग सम्बन्धित)

पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | मोटरसाईकल | ५ | |
| २ | कार, जीप, भ्यान | २० | |
| ३ | अन्य ठूला सवारी साधन | ५० | |

अनुसूचि ११

(दफा १२ सँग सम्बन्धित )

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क

गाउँसभाद्वारा कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने र कार्यपालिकाले निर्णय गरे बमोजिम हुने ।

अनुसूचि १२

(दफा १३ सँग सम्बन्धित)

क) सेवा शुल्क :

| क्र.सं. | मूल्याङ्कन | सेवा शुल्क रू. |
|---|---|---|
| १ | अचल सम्पत्ती मूल्याङ्कन | ०।२०% (प्रति हजार रू.२) |
| २ | आयस्रोत प्रमाणित | ०।१५% (प्रति हजार रू.१।५) |
| १ | वंशजको नागरिकता सिफारिस | २५० |
| २ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारीस | ३०० |
| ४ | नागरिकताको संसोधन सहित प्रतिलिपी सिफारिस | ३५० |
| ५ | मिलापत्र शुल्क | ५०० |
| ६ | न्यायिक समितिको निवेदन दस्तुर | २०० |
| ७ | नाम संसोधन, नाम छुट तथा दुई नाम सिफारिस | ३५० |
| ९ | नाबालक परिचय पत्र सिफारिश | ३०० |
| १० | घर नम्बरिङ्ग प्लेट (कच्ची घर प्रति गोटा) | २०० |
| ११ | घर नम्बरिङ्ग प्लेट (पक्की घर) | ५०० |
| १२ | स्थलगत प्राविधिक सेवा शुल्क प्रति पटक | १५०० |
| १३ | स्थलगत सर्जमिन | ५०० |
| १४ | मुचुल्का प्रमाणित | २०० |

| | | |
|---|---|---|
| १५ | प्रमाणिकरण दस्तुर | २०० |
| १६ | कृषि समूह दर्ता | ८०० (नविकरण प्रत्येक वर्षमा रु. ४००) |
| १७ | पशुपंक्षी समूह दर्ता | ८०० (नविकरण प्रत्येक वर्षमा रु. ४००) |
| १८ | कृषि तथा पशुपंक्षी समूह दर्ता | २००० (नविकरण प्रत्येक वर्षमा रु. १०००) |
| १९ | अन्य विभिन्न समूह दर्ता | १००० (नविकरण प्रत्येक वर्षमा रू. ५००) |
| २० | सहकारी संस्था | ५००० (नविकरण प्रत्येक वर्षमा रू. २२००) |
| २१ | परिक्षा आबेदन दस्तुर :<br>१) अधिकृतस्तर :<br>२) ना.सु. स्तर<br>३) खरिदार स्तर :<br>४) श्रेणी बिहिन र अन्य | <br>रु.१०००।०<br>रु.८००।०<br>रु.६००।०<br>रु.४००। |

अ) <u>व्यक्तिगत घटना दर्ता</u>ः

| क.सं. | घटना | बिलम्ब शुल्क | |
|---|---|---|---|
| १ | जन्म दर्ता | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम हुनेछ । | |
| २ | मृत्यु दर्ता | | |
| ३ | विवाह दर्ता | | |
| ४ | बसाई सराई गरी आउने | | |
| ५ | बसाई सराई गरी जाने | | |
| ६ | प्रतिलिपि सबै घटनाको | | |
| ७ | सम्बन्ध विच्छेदको | | |

पुनश्चः घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै प्रकारको शुल्क लगाईने छैन ।

आ) <u>नक्सा पास दस्तुर-ः</u>

| क.सं. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | आधुनिक **RCC** घरको | | |
| | क) नयाँ घर | | |
| | - नक्सा पास निवेदनको | ५०० | |
| | - भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ४ | |
| | - दोस्रो र तेस्रो तलामा प्रति वर्ग फिट | ५ | |
| | - तेस्रो तला भन्दा माथि प्रति वर्ग फिट | ५ | |

| | | | |
|---|---|---|---|
| | ख) अभिलेख घर सम्पन्न | | |
| | - ROW भित्र नपरेका प्रति वर्ग फिट | ८ | |
| | - ROW भित्र परेका प्रति वर्ग फिट | १२ | |
| २ | पर्खालको प्रति वर्ग फिट | ०।३० पैसा | |
| ३ | अस्थायी छाप्रो (नक्शा अनिवार्य पेश गर्नुपर्ने) | | |
| | - ५०० वर्ग फिट सम्मको | ८०० | |
| | - ५०० वर्ग फिट भन्दा माथिको | ११५० | |
| ४ | कच्ची घर (अस्थायी निर्माण ईजाजत पत्र अनिवार्य लिनुपर्ने) | २५० | |

- पक्कीन घर निर्माण र अस्थायी छाप्रो निर्माण ईजाजत दिंदा क्रमशः रु ५००० र १००० धरौटी लिईनेछ। त्यस्तो धरौटी रकम निर्माण कार्य सम्पन्न भए पश्चात २०% ले हुन आउने रकम कट्टान गरी फिर्ता दिईनेछ ।नक्शा पास फाराम शुल्क रु ५००।- लाग्नेछ ।

**ए) भौतिक संरचनाको ह्रास कट्टी**

| क्र.सं. | भौतिक संरचना वनेको साल | ह्रास कट्टी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | संरचना वनेको १ बर्ष नकटेको अवस्थामा | ० | |
| २ | संरचना वने पछि प्रत्येक बर्षमा | २% | |

- **नोटः** ह्रास कट्टी अधिकतम ५० बर्षसम्म हुनेछ । त्यस भन्दा वढी बर्ष भएको संरचनाको ह्रास कट्टी हुनेछैन ।

अनुसूचि १२ ख

(दफा १३ सँग सम्बन्धित)

सिफारीस दस्तुरः-

| क्र.सं. | विवरण | दस्तुर रू. |
|---|---|---|
| १ | उद्योग सिफारिश | |
| | - साना उद्योग | ६०० |
| | - मझौला उद्योग | १२०० |
| | - ठूला उद्योग | १८०० |
| २ | निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमति सिफारिस | |
| | - पूर्व प्रा.वि. | १००० |
| | - कक्षा ५-१ | १५०० |
| | - कक्षा ८-६ | १८०० |
| | - कक्षा १०-९ | २००० |

| | | |
|---|---|---|
| | - कक्षा १२-११ | २५०० |
| | - स्नातक तह | ३००० |
| ३ | विद्युत सिफारिश (थ्री फेज) | ५५० |
| ४ | विद्युत सिफारिस साधारण/घरायसी | २५० |
| ५ | खानेपानी सम्बन्धी सिफारिस | ३५० |
| ६ | टेलिफोन जडान सम्बन्धी सिफारीस | ३५० |
| ७ | नाता प्रमाणित | ३५० |
| ८ | जन्म मिति प्रमाणित | ३५० |
| ९ | पारिवारिक विवरण | ३५० |
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | ५५० |
| ११ | चार किल्ला प्रमाणित | ४५० |
| १२ | ग्रामिण क्षेत्रको घरबाटो सिफारिस | २०० |
| १३ | बजार क्षेत्रको घर बाटो सिफारिस | ३५० |
| १४ | घर कायम सिफारीस (कच्ची घर) | २५० |
| १५ | घर कायम सिफारीस (पक्की घर) | ३५० |
| १६ | घर जग्गा नामसारी सिफारिस | ३५० |
| १७ | छुट जग्गा दर्ता सिफारीस | ५०० |
| १८ | फुकुवा सिफारिस | ३५० |
| १९ | भवन निर्माण प्रतिलिपि | १००० |
| २० | घर नक्सा प्रमाणित | ५०० |
| २१ | घर नक्सा नविकरण | ३०० |
| २२ | घर नक्सा नामसारी | ३०० |
| २३ | घर निर्माण सम्पन्न सिफारिश (**RCC**) | १००० |
| २४ | घर निर्माण सम्पन्न सिफारिश (कच्ची ) | ५०० |
| २५ | निजी क्षेत्रका रुख कटान सिफारिस (प्रति गोटा) | २०० |
| २६ | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (नेपाली) | २०० |
| २७ | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (भारतिय) | ५०० |
| २८ | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (अन्य मुलुक) | १००० |
| २९ | परिवार ल्याएको लगेको सिफारिस/प्रमाणित | २५० |
| ३० | हकवाला संरक्षण सिफारिस | ३५० |
| ३१ | अपुताली सिफारिस (नेपाल) | ५०० |

| | | |
|---|---|---|
| ३२ | अपुताली सिफारिस (विदेशी) | २००० |
| ३३ | अविवाहित प्रमाणिकरण सिफारिस | ३५० |
| ३४ | सम्बन्ध विच्छेद सिफारिस | २०० |
| ३५ | विभिन्न दलित, जनजाती तथा थर सिफारीस/प्रमाणित | ३५० |
| ३६ | वैदेशिक प्रयोजनका लागि गरिने अंग्रेजी भाषाका सबै सिफारिस | ५०० |
| ३७ | सेवामूलक संस्था दर्ता सिफारिस/नविकरण | ३५० |
| ३८ | सेवामूलक संस्था दर्ता | १००० |
| ३९ | नाफामूलक संस्था दर्ता सिफारिस/नविकरण | १००० |
| ४० | नाफामूलक संस्था दर्ता | २५०० |
| ४१ | नक्कल प्रमाणित दस्तुर (मालपोत समेत) | १५० |
| ४२ | व्यवसाय दर्ताको सिफारिस | ३०० |
| ४३ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | २५० |
| ४४ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २५० |
| ४५ | कर क्लियरेन्स सिफारिस (नेपाली) | ३०० |
| ४६ | बन्द भएको वा ठाउँ सारेको सिफारिस/प्रमाणित | २५० |
| ४७ | एफ.एम. सञ्चालन सिफारिस शुल्क | ३०००० |
| ४८ | एफ.एम. सञ्चालन इजाजत दस्तुर (१०० वाट सम्म) | ८००० |
| ४९ | एफ.एम. सञ्चालन इजाजत नविकरण | ५००० |
| ५० | यस विवरणमा नपरेका अन्य जुनसुकै सिफारिस प्रकृति हेरी | ३००-५०० |

**पुनश्चः**

| क्र.सं. | विवरण | शुल्क/दस्तुर दर |
|---|---|---|
| १ | फरक क्षमता भएकाहरुको परिचयपत्र सिफारिस | गाउँपालिकामा र गाउँपालिका अन्तर्गतको सिफारिसमा निःशुल्क तथा गाउँपालिका बाहिरको सिफारिसमा सामान्य सिफारिस दस्तुर बमोजिम लिने । |
| २ | नेपाल छात्रवृत्ती सम्बन्धी सिफारिस | |
| ३ | आर्थिक रुपमा विपन्नको निशुल्क उपचार सिफारिस | |
| ४ | आर्थिक सहायता सम्बन्धी सिफारिस | |
| ५ | प्राकृतिक प्रकोप सम्बन्धी सिफारिस | |
| ६ | टोल विकास संस्था दर्ता | |

साथै यस विवरणमा उल्लेख नभएका अन्य क्षेत्रगत/विषयगत संस्थाहरू/व्यवसायहरूको दर्ता तथा नविकरणमा सम्बन्धित कानून/निर्देशिका/कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधि समेत नभएको अवस्थामा माथि उल्लिखित दरमध्ये मिल्दो दरमा कर लगाइनेछ ।

## अनुसूचि १३

(दफा १४ सँग सम्बन्धित)

### पर्यटन शुल्क

पर्यटन शुल्क गाउँसभाले आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूचि १४

(दफा १५ सँग सम्बन्धित)

### दण्ड जरिवानाः-

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा | पहिलो बर्ष १०% |
| २ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा उक्त बर्षको शुल्क, दस्तुर, कर सहित | दोस्रो बर्ष १५% |
| ३ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा उक्त बर्षको शुल्क, दस्तुर, कर सहित | तेस्रो बर्षबाट प्रत्येक वर्ष ५% का दरले थप |
| ४ | ढुङ्गा, गिट्टी, बालुवा वा अन्य प्राकृतिक स्रोत चोरि निकासी (व्यक्ति, संस्था वा सवारी साधनबाट प्रति पटकको) | ५००० देखि ५०००० सम्म |

प्रमाणीकरण मितिः २०८२।०३।०५ गते बिहिबार

**आज्ञाले**

**चेतनारायण भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**